# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## देवचुली नगरपालिका, नवलपुर

## आर्थिक वर्ष २०७५।७६

## महालेखापरीक्षकको कार्यालय

काठमाडौं

***Serving the Nation***

***and***

***the People***

## दूरदृष्टि (Vision)

जनहितकालागि जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था हुन प्रयत्नशील रहने ।

(We strive to be a credible institution in promoting accountability, transparency and integrity for the benefit of the people)

## गन्तव्य (Mission)

सरोकारवालालाई सार्वजनिक कोषको दक्षतापूर्ण उपयोग सम्बन्धमा आश्वस्त पार्न स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने ।

(Provide independent and quality audit service to assure our stakeholders that the public funds are efficiently used)

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | (Integrity) |
| स्वतन्त्रता | (Independence) |
| व्यावसायिकता | (Professionalism) |
| पारदर्शिता | (Transparency) |
| जवाफदेहिता | (Accountability) |

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
Phone: 4258174
4266034
4255707
A.G. Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाडौं, नेपाल
(बागमती र गण्डकी प्रदेश लेखापरीक्षण महानिर्देशनालय)

पत्र संख्या:२०७६/७७
च.नं : ७७६

मिति: २०७७/३/२४

श्री प्रमुखज्यू,
देवचुली नगरपालिका,
नवलपुर ।

**विषयः लेखापरीक्षण प्रतिवेदन ।**

नेपालको संविधानको धारा २४१ बमोजिम त्यस पालिकाको आर्थिक वर्ष २०७५।७६ को लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) बमोजिम यो प्रतिवेदन जारी गरिएको छ । उक्त प्रतिवेदन लेखापरीक्षण ऐन, २०७५ को दफा २०(३) र दफा २२ बमोजिम कारबाहीको लागि अनुरोध छ ।

(बामदेव शर्मा अधिकारी)
नायव महालेखापरीक्षक

# महालेखापरीक्षकको भनाई



**टंकमणि शर्मा, दंगाल**
**महालेखापरीक्षक**

नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखापरीक्षण नियमितता, मितव्ययीता, कार्यदक्षता, प्रभावकारीता र औचित्यको आधारमा महालेखा परीक्षकबाट हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक गाउँपालिका र नगरपालिकाको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्थाबमोजिम स्थानीय तहको २०७५।७६ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन तयार गरिएको छ ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, सरकारी लेखापरीक्षण मानदण्ड, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र निकायसंग सम्बन्धित ऐन, नियम समेतको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको प्रमुख उद्देश्यहरुमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानूनको पालना, बजेट तथा योजना तर्जूमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी र जवाफदेहिता एवं सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु रहेको छ । स्रोत साधनको प्राप्ती र उपयोग सम्बन्धमा प्रचलित कानूनको पालना भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रस्तुत गरी सुशासन प्रबर्द्धनमा टेवा पुऱ्याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ ।

आर्थिक वर्ष २०७५।७६ को लेखापरीक्षण सम्पन्न भएपश्चात् जारी प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरु मिलान गरी कायम रहेका व्यहोरा समावेश गरी राय सहितको अन्तीम प्रतिवेदनजारी गरिएको छ । प्रतिबेदनमा दिएका सुझावहरुको कार्यान्वयनबाट स्थानीय तहमा रहेको सीमित स्रोत साधनको उपयोग गरी विकास निर्माण र सेवा प्रवाहमा मितब्ययीता, दक्षता र प्रभावकारीता आउने अपेक्षा गरिएको छ । फलस्वरुप स्थानीय तहको कार्यसम्पादनमा जवाफदेहिता र पारदर्शीता प्रर्बद्धन हुने विश्वास लिइएको छ ।

लेखापरीक्षणबाट मूलतः स्थानीय तहमा प्राप्त हुने अनुदान, आन्तरिक आय र राजश्व बाँडफाँडको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आयतर्फ सङ्कलन न्यून रहेको, बजेट अनुशासन कमजोर रहेको, अबण्डा बजेट राखेको, खर्च पश्चात् बजेट तथा कार्यक्रम संशोधन गरी अनुमोदन गर्ने गरेको, वर्षान्तमा बढी खर्च गरेको, अत्याधिक प्रशासनिक खर्च गरेको, वितरणमूखी खर्चको बाहुल्यता रहेको जस्ता प्रबृति देखिएका छन । विकास निर्माणतर्फ योजना प्राथामिकीकरण नगरेको, साना तथा टुक्रे आयोजनाको छनौट गरेको, जटिल प्रकृतिका कार्यहरु समेत उपभोक्ता समितिबाट गराएको, तोकिएबमोजिम जनसहभागिता नजुटेको, दीगो विकासका लक्ष्य अनुरुप योजना र कार्यक्रम तर्जुमा नगरेको, दीर्घकालीन विकासको खाका तर्जुमा नभएको जस्ता समस्या रहेका छन् । स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ आवश्यक शीपयुक्त जनशक्तिको कमी रहेको, सेवा प्रवाहमा अपेक्षित सुधार हुन नसकेको, स्रोत, साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, सञ्चालित योजना, कार्यक्रम, सेवा प्रवाहको अभिलेख नराखेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको छ । साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ । गत विगतमा लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरु सुधार तथा बेरुजू उपर अपेक्षित रुपमा आवश्यक कारबाही भए गरेको समेत देखिएन ।

समय र जनशक्तिको सीमितताको बावजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गर्ने प्रयास गरिएको थियो । लेखापरीक्षणको क्रममा स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरुसँग छलफल समेत गरिएको थियो । लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापनमा सुधार हुने, भौतिक पूर्वाधार र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरु र लेखापरीक्षण तथा प्रतिवेदन तयारीमा संलग्न यस कार्यालयका कर्मचारीहरु सबैलाई धन्यवाद ज्ञापन गर्दछु । आगामी दिनमा समेत यस्तै सहयोगको अपेक्षा गर्दछु ।

२०७७ आषाढ २७ गते ।

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
Phone: 4258174
4266034
4255707
A.G. Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाडौं, नेपाल
(वागमती तथा गण्डकी महानिर्देशनालय)

पत्र संख्या : २०७६।०७७
च.नं : ८६८

मितिः २०७७।३।२५

श्री नगरप्रमूख ज्यू,
देवचुली नगरपालिका,
नवलपरासी (ब.सु.पू) ।

**विषयः <u>लेखापरीक्षण प्रतिवेदन</u> ।**

**कैफियत सहितको राय**

हामीले देवचुली नगरपालिकाको आर्थिक वर्ष २०७५।७६ को बित्तिय विवरण र त्यससँग सम्बन्धित आय व्यय बिबरण तथा लेखा टिप्पणीहरुको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेश भएको २०७६ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७५।७६ को बित्तिय विवरण र त्यससँग सम्बन्धित अन्य बिबरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानून बमोजिम सारभूत रुपमा सहि तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

**कैफियत सहितको रायव्यक्त गर्ने आधार**

१. नगरपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्बजनिक क्षेत्र लेखामानको ढाँचा प्रयोग गरी बित्तिय बिबरण तयार गरेको छैन ।

२. लेखापरीक्षणबाटरु.२ करोड ७६ लाख ४३ हजार बेरुजू देखिएको छ । सोमध्ये असुल गर्नुपर्ने रु.२ लाख ५ हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रु.१ करोड ९५ लाख ९२ हजार, नियमित गर्नुपर्ने रु. ७० लाख ९६ हजार र पेश्की रकम रु ७ लाख ५० हजार रहेको छ ।

३. लेखापरीक्षणमा देखिएका व्यहोराहरुका सम्बन्धमा मिति २०७६।०९।०२ मा जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रिया सहितका प्रमाण कागजातका आधारमा फछ्र्यौट भएका दफाहरु हटाई कायम व्यहोराको अन्तीम प्रतिवेदन पाना तेह्र (१३) यसैसाथ संलग्न छ ।

४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकीन हुने जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं । त्यसका लागि स्वीकृत आचार संहिता अनुसार हामीले काम गरेका छौं । लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरु हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखा उत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार संचालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ । नगर कार्यकारिणी, नगरप्रमुख र प्रमुख प्रशासकिय अधिकृत नगरपालिकाको वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार रहेका छन् ।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ति समेतका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको होस् भनि उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो । लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्तता सम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ति पत्ता लगाउन सक्ने निश्चितता भने हुदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विषेश वा जालसाजीजन्य वा अन्य गल्तिलाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

(वामदेव शर्मा अधिकारी)
नायब महालेखापरीक्षक

# देवचुली नगरपालिका, नवलपरासी (ब.सु.पु.)लेखापरीक्षण प्रतिवेदन
# लेखापरीक्षण प्रतिवेदन
# २०७५/७६

**परिचय :** स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्दतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारिणी र न्यायीक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले नगरपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारीता, सह-अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु नगरपालिकाको उद्देश्य रहेको छ । देवचुली नगरपालिका नेपालको राजधानी शहर काठमाण्डौंबाट करिव १५० कि.मी.को दुरीमा देशकै मध्य भागमा अवस्थित नवलपरासी जिल्लाको नवलपुर क्षेत्रमा रहेको छ । साविकका दिव्यपुरी, देवचुली र प्रगतिनगर गा.वि.स.लाई समावेश गरी नेपाल सरकार मन्त्रीपरिषदको मिति २०७१ वैशाख २५ को निर्णयानुसार घोषित नगरपालिका मिति २०७३ फागुन २७ को नेपाल सरकारको निर्णयबाट साविक रजहर गा.वि.स. समावेश भई गठन भएको नगरपालिका हो । नेपालको गण्डकी प्रदेशमा पर्ने यो नगरपालिकाको कुल क्षेत्रफल ११२.७२ वर्ग कि.मी रहेको छ । यसको पूर्वमा गैंडाकोट नगरपालिका, पश्चिममा हुप्सेकोट गाँउपालिका र कावासोती नगरपालिका, उत्तरमा बुलिङटार गाँउपालिका र दक्षिणमा चितवन राष्ट्रिय निकुञ्ज पर्दछन् । पूर्वी सिमानाको रुपमा महेन्द्र राजमार्गमा रहेको झरही खोला पश्चिमी सिमानामा सोही राजमार्गको लोकाहा खोला, उत्तरमा १९३३.५ मिटर उचाईको देवचुली डाँडा र दक्षिणमा पवित्र नारायणी नदीको चार सिमाना भित्र पर्ने यो नगरपालिकाको दलदले बजार नवलपरासी जिल्लाको पहाडी क्षेत्रको मुख्य प्रवेशद्वार हो । क्षेत्री, ब्राह्मण, मगर, तामाङ, नेवार आदि जाजजातिको बसोबास रहेको यो नगरपालिकामा हाल ८८४० घरधुरी र ४७३६८ जनसंख्या रहेको छ । जसमध्ये २३४९२ महिला र २३९६३ पुरुष रहेका छन् भने बालबालिकाको संख्या करिव १६००० छ ।

**स्थानीय संचितकोष :** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६९ र ७२ वमोजिम नगरपालिकाले प्राप्त गरेको आय, अनुदान तथा सहायता  र स्थानीय सरकार संचालनमा भएका व्ययहरु समावेश भएको आयव्यय हिसाव सहितको आर्थिक वर्ष २०७५।०७६ को संचित कोषको संक्षिप्त अवस्था निम्न वमोजिम रहेको छ ।

## आय व्ययको विवरण

| सि.नं. | आयतर्फ | | | सि.नं. | व्ययतर्फ | | |
|---|---|---|---|---|---|---|---|
| | विवरण | रकम | रकम | | विवरण | रकम | रकम |
| १ | गत वर्षको जिम्मेवारी | | ६३५००९४४.०६ | १ | चालु खर्च | ३६८०२४०९२.८८ | ३६८०२४०९२.८८ |
| | क) नगद | ००.०० | ० | २ | पूँजीगत खर्च | १८२३७६२५२.१२ | १८२३७६२५२.१२ |
| | ख) बैंक | ६३५००९४४.०६ | ० | ३ | वित्तीय व्यवस्था भुक्तानी | | |
| २ | राजस्व (आन्तरिक आय) | ० | १००६७२५६७.५८० | | क) ऋण भुक्तानी | | |
| | क) आन्तरिक राजस्व | २०८१८९८८.६९ | ० | | ख) ब्याज भुक्तानी | | |
| | ख) राजस्व बाँडफाँड | ७६८५३५७८.८९ | ० | | ग) अन्य भुक्तानी | | |
| | ग) अन्य आय | ३000000.00 | ० | ४ | लगानी | | |
| ३ | वित्तीय हस्तान्तरण | ० | ३३१८१७६८२.६० | | ऋण लगानी | | |
| | क)वित्तीय समानीकरण अनुदान | १२५१00000.00 | ० | | शेयर लगानी | | |
| | ख) सशर्त अनुदान | २०४५७४000.00 | ० | ५ | अर्थ बजेट | २१४३६८२.६० | २१४३६८२.६० |
| | ग) समपूरक अनुदान | ००.०० | ० | ६ | धरौटी फिर्ता | ७४८१९१.१४ | ७४८१९१.१४ |
| | घ) अर्थ बजेट | २१४३६८२.६० | ० | | कोष खर्च | | |
| ४ | प्रदेश सरकारबाट प्राप्त अनुदान | ०.०० | १८८६0000.00 | ७ | मौज्दात | ८१७६४७०० | ८१७६४७०० |
| | क)वित्तीय समानीकरण अनुदान | १२२१८000.00 | ० | | क) गत वर्षको अ.ल्या | | |
| | ख) सशर्त अनुदान | ६६४२000.00 | ० | | ख) बैंक मौज्दात | ८१७६४७०० | |
| | | ० | ० | | धरौटी खाता मौज्दात | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | ग) समपूरक अनुदान | ००.०० | ० | | को ले नि का फिज | | |
| | घ) विशेष अनुदान | ००.०० | ० | ८ | कन्टेन्जेन्सी | | |
| ५ | अन्तर स्थानीय तहबाट प्राप्त | ० | ० | ९ | मर्मत संभार | | |
| ६ | वित्तीय व्यवस्था प्राप्ति | ० | ० | १० | विभिन्न कार्यक्रम | | |
| | क) ऋण प्राप्ति | ००.०० | ० | | | | |
| | ख) साँवा प्राप्ति | ००.०० | ० | | | | |
| | ग) ब्याज प्राप्ति | ००.०० | ०० | | | | |
| | घ) अन्य प्राप्ति | ००.०० | ०० | | | | |
| ६ | विभिन्न कोषतर्फको आय | ३०५९३०१.१७ | ३०५९३०१.१७ | | | | |
| ८ | जनसहभागिता ( नगद) | ० | ० | | | | |
| ९ | विषयगत निकायबाट प्राप्त रकम | ११४३९६०००.०० | ११४३९६०००.०० | | | | |
| १० | धरौटी आय | २७५०४२४.१५ | २७५०४२४.१५ | | | | |
| ११ | लगानीको साँवा फिर्ता | ० | ० | | | | |
| १२ | अन्य विविध आय | ० | ० | | | | |
| | **जम्मा** | **६३५०५६९१९.५६** | **६३५०५६९१९.५६** | | **जम्मा** | **६३५०५६९१९.५६** | **६३५०५६९१९.५६** |

<table>
<tr><th>दफा नं.</th><th>लेखापरीक्षण बाट देखिएको व्यहोरा</th><th>रकम रु.</th></tr>
<tr><td>१.</td><td>आन्तरिक नियन्त्रण प्रणाली स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ बमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गर्नुपर्नेमा गरेको छैन । यस सम्बन्धी अन्य व्यहोराहरु तपसिल अनुसार रहेका छन् ।
<ul>
<li>सुशासन (व्यवस्थापन तथा सञ्चालन) नियमावली, २०६५ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिति अनुगमन गर्न अनुगमन संयन्त्र तर्जुमा गर्नुपर्ने र सार्वजनिक सुनुवाई बर्षमा २ पटक हुने गरेको देखियो ।</li>
<li>मूल्य खुल्न नसकेका सामानहरुको मुल्य खुलाई राख्नुपर्नेमा केहि सामानहरुको मूल्य खुलाएको छैन ।</li>
<li>मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६(क) मा ठेक्का सम्झौता र कर भुक्तानीको जानकारी सम्बन्धित आन्तरिक राजस्व कार्यालयलाई समय मै नदिई आर्थिक वर्षको अन्त्यमा एकैपटक पठाएको देखियो ।</li>
<li>स्वीकृत कार्यक्रम अनुसार चौमासिक खर्च गर्नुपर्नेमा कुल खर्चमध्ये अधिकांश रकम तेश्रो चौमासिकमा खर्च गरेको,</li>
<li>कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरी निराकरणको प्रयास गरेको अभिलेख नराखेको,</li>
<li>वार्षिक  कार्यक्रम अनुसार अनुगमन मूल्याङ्कन प्रतिवेदन दिने नगरेको,</li>
<li>कुनै रकमको भुक्तानी दिँदा रित पुगे नपुगेको जाँच गरी रसिद, बिल, भरपाईहरुमा सिलसिलेवार नम्बर राखी कार्यालय प्रमूखले तोकेको कर्मचारीले “भुक्तानी भएको”जनाउने छापसमेत लगाई दस्तखत गरी प्रमाणित गर्नु पर्नेमा सो अनुसार गरेको छैन ।</li>
<li>यस नगरपालिकाले ठेक्काहरुको विस्तृत विवरण देखिने गरी ठेक्काखाता र कन्टिजेन्सि खाता राखेको छैन ।</li>
<li>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा७४ (२) अनुसार सार्वजनिक खरिद नियमावली बनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा बनाएको छैन ।</li>
<li>विभिन्न आयोजनाहरुको लागि निर्माण सामाग्री ढुवानी गर्दा ढुवानीको कर बिजक जारी गर्नु पर्नेमा नगरी भर्पाइ मात्र संलग्न गरेको सोही आधारमा खर्च भुक्तानी दिने गरेको पाइयो ।</li>
<li>सार्वजनिक निर्माण कार्यहरुको लागत अनुमान स्वीकृति, कार्यसम्पन्न प्रतिवेदन आदिमा मिति उल्लेख गरेको छैन ।</li>
<li>वार्षिक कार्यक्रम तर्जुमा गर्दा कार्यक्रमका प्रत्येक क्रियाकलापहरुमा अनुगमन तथा मुल्याङकनको लागि एकमुस्ट राखी भ्रमण खर्च नियमावली अनुसार खर्च गर्नु पर्नेमा नगरेको</li>
<li>कन्टिन्जेन्सि खर्चको अभिलेख रजिष्टर नराखेको,</li>
<li>निजामती सेवा ऐन, २०४९ बमोजिम कार्यविवरण बनाई लागु गर्ने गरेको देखियो,</li>
<li>वातावरण संरक्षणको एकिकृत दिर्घकालीन योजना तयार नगरेको,</li>
</ul>
सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार सम्पन्न भएका योजनाहरु उपभोक्ता समितिलाई हस्तान्तरण नगरेको,</td><td></td></tr>
<tr><td>२.</td><td>नेपालको संविधानको धारा २२७ मा नगरसभा तथा नगर सभाका सदस्यले पाउने सुविधाका सम्बन्धमा प्रदेश कानुन बमोजिम हुने व्यवस्था अनुसार गण्डकी प्रदेश संसदले स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७५ जारी गरेको छ । उक्त ऐनमा भएको व्यवस्थाअनुसार नगरपालिकाबाट देहाय बमोजिम रु. १२७३९०००.००सुविधा वापत भुक्तानी भएको छ ।
<table>
<tr><td>विवरण</td><td>प्रमूखअध यक्ष</td><td>उपप्रमूख</td><td>वडा अध्यक्ष १७ जना</td><td>कार्यपालिका सदस्य ८ जना</td><td>सभाका सदस्य ६८ जना</td><td>बार्षिक जम्मा</td></tr>
</table></td><td></td></tr>
</table>

| | | | | | | |
|---|---|---|---|---|---|---|
| मासिक सुविधा | ३५००० | ३०००० | ३४०००० | ८०००० | ४७६००० | १२४९३००० |
| सञ्चार सुविधा( मासिक दरमा) | २००० | १५०० | १७००० | | | २४६००० |
| बैठक भत्ता(बैठक संख्याको आधारमा) | - | - | - | - | - | - |
| अतिथि सत्कार ( मासिक) | - | - | - | - | - | - |
| यातायात खर्च ( मासिक) | - | - | - | - | - | - |
| जम्मा | | | | | | १२७३९००० |

३. **खरिद योजनाः** स्थानिय सरकार संचालन ऐन, २०७४ को दफा १०२ (१) बमोजिम नगरंपालिका तथा गाँउपालीकाले आफ्नो अधिकार क्षेत्रभित्रका विषयमा ऐन बनाउन सक्ने तथा उपदफा २ मा उक्त ऐनको अधिनमा रही कार्यपालीकाले आवश्यकता अनुसार नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाउन सक्ने व्यवस्था भएको भएतापनि स्थानीय सार्वजनिक खरिद ऐन तथा नियमावली तर्जुमा नगरेको अवस्थामा संघीय सरकारको ऐन नियमको पालना गर्नु पर्ने व्यवस्था रहेको छ । सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६ मा सार्वजनिक निकायले तोकिएको सीमाभन्दा वढि रकमको खरिद गर्दा तोकिएबमोजिम खरिदको गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने त्यसैगरी सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८(१) ले वार्षिक रु १० लाख भन्दा वढि रकमको खरिद गर्नुपर्ने भएमा आगामी वर्षको अनुमानित वार्षिक कार्यक्रम तथा वजेट तयार गर्दा बार्षिक खरिद योजना तयार गरि सोही अनुसार स्वीकृति गराई कार्यान्वयन गर्नुपर्ने व्यवस्था रहेकोमा पुंजीगत तर्फका कार्यक्रम नगरसभावाट स्वीकृत गराई कार्यान्वयन गरेतापनि वार्षिक खरिद योजना तथा गुरुयोजना तयार गरि स्वीकृत गराई कार्यान्वयनमा ल्याएको पाईएन ।

४. **न्याय सम्पादन :** नेपालको वर्तमान संविधानको धारा २१७ मा व्यवस्था गरिए बमोजिम स्थानीय सरकार सञ्चालन ऐन २०७४ अनुसार न्यायिक समितिले मुद्दा मामिला किनारा तथा मेलमिलाप गराउने व्यवस्था छ । देवचुली नगरपालिकाले उपप्रमुखको संयोजकत्वमा तीन सदस्यीय न्यायिक समिति गठन भई समितिमा २०७५ श्रावण देखि असारमसान्त सम्म जम्मा ३१ उजुरी दर्ता भएकोमाा २२ थान मिलापत्रबाट फछ्र्यौट भई ९ थान निवेदन कार्यवाही गर्नु पर्ने छन् । बांकी रहेका मुद्धा फछ्र्यौट गर्नेतर्फ समितिको ध्यान दिनुर्ने देखिन्छ ।

५. **नगरसभावाट पारीत कानुनहरुः**

स्थानिय सरकार संचालन ऐन, २०७४ को दफा १०२ (१) बमोजिम गाउंपालिका तथा नगरपालिकाले आफ्नो अधिकार क्षेत्रभित्रका विषयमा ऐन बनाउन सक्ने तथा उपदफा २ मा उक्त ऐनको अधिनमा रही कार्यपालीकाले आवश्यकता अनुसार नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाउन सक्ने तथा उपदफा ३ मा गाउंपालीका तथा नगरपालीकाले उपदफा १ र २ मा बनाएको ऐन राजपत्रमा प्रकाशित गर्नुपर्ने व्यवस्था छ ॥ यस नगरपालीकाले तपसिल बमोजिमका कानुन तर्जुमा गरेको भएतापनि नगरपालीकालाई आवश्यक पर्ने अन्य कानुन तर्जुमा गर्ने तर्फ नगरपालीकाले ध्यान दिनु पर्ने देखिन्छ ।

| क्र.सं. | बनेका ऐन |
|---|---|
| १ | आर्थिक ऐन, २०७५ |
| २ | विनियोज ऐन, २०७५ |
| ३ | कार्य विभाजन नियमावली, २०७५ |
| ४ | कार्य सम्पादन नियमावली, २०७५ |
| ५ | सहकारी ऐन, २०७४ |
| ६ | नगर सभा संचालन नियमावली, २०७५ |
| ७ | पदाधिकारीहरुको आचारसंहिता, २०७४ |
| ८ | बजार अनुगमन निर्देशिका, २०७४ |
| ९ | उपभोक्ता समिति गठन संचालन कार्यविधि, २०७४ |
| १० | हेभी इक्युप्मेन्ट (ब्याक हो लोडर) संचालन कार्यविधि, २०७४ |
| ११ | आर्थिक कार्यविधि (नियमित तथा व्यवस्थि गर्न बनेको) ऐन, २०७५ |
| १२ | देवचुली नगरपालिकाको राजपत्र ढाँचा, २०७५ |
| १३ | अपांग भएका व्यक्तिको परिचयपत्र वितरण कार्यविधि, २०७५ |
| १४ | बालगृह संचालन कार्यविधि, २०७५ |
| १५ | बालविवाह विरुद् कार्यक्रम संचालन कार्यविधि, २०७५ |

| | |
|---|---|
| १६ | स्थानीय राजपत्र प्रकाशन कार्यविधि, २०७५ |
| १७ | सडक बालबालिकाको खर्च व्यवस्थापन कार्यविधि, २०७५ |
| १८ | न्यायिक समितिले उजुरी कारवाही किनारा गर्दा अपनाउनुपर्ने कार्यविधि, २०७५ |
| १९ | घ वर्ग निर्माण व्यवसायी इजाजत पत्र कार्यविधि, २०७५ |

६. **एकीकृत विवरण :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को  दफा ७२ वमोजिम प्रत्येक आर्थिक वर्ष र आय-व्ययको एकिकृत लेखा वनाई पेश गर्नुपर्ने व्यवस्था छ । कार्यालयले तयार गरेको एकिकृत आर्थिक विवरणमा सबै विषयगत क्षेत्रको कारोवार समेटेको छ । थप श्रोत पहिचान गरी कारोवार समेटनु पर्दछ ।

७. **नक्सा पास र मुल्यांकन :** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा २७(१) अनुसार कसैले पनि गाउँपालिका वा नगरपालिकाबाट नक्सा पास नगराई भवन निर्माण गर्न नहुने व्यवस्था छ । यस वर्ष नगरपालिकाले गरेका नक्सा पास सम्बन्धी काम-कारबाही निम्नानुसार रहेको जनाएको छ । तोके बमोजिम संरचना निर्माण गर्नुपूर्व नगरपालिकाबाट त्यसको नक्सा पास गर्ने व्यवस्थालाई प्रभावकारी कार्यान्वयन र मुल्यांकन प्रणालीलाई यथार्थपरक बनाउनुपर्दछ ।  घर जग्गा मुल्यांकन गर्ने वैज्ञानिक प्रणालीको अवलम्वन गरी पक्का ढलान,  पक्का जस्तापाताको प्रति वर्गफिट कति लागत पर्दछ सो यकिन गरीनु पर्दछ । मालपोत कार्यालयमा लिखत पारितको लागि पठाएको मुल्यांकन प्रतिवेदन यथार्थफरक नभै हचुवाको भरमा लेख्ने गरेको पाईएकोले सोमा सुधार हुनुपर्दछ ।

| क्र.सं | घरनक्शा पासको निवेदन संख्या | अस्थीी अनुर्मा त | कार्यसम्पन्न संख्या | | |
|---|---|---|---|---|---|
| | | | गत विगत वर्ष अनुमति लिएका मध्ये | यो वर्ष अनुमति लिएका मध्ये | जम्मा |
| १ | २३७ | २०८ | १२४ | ४५ | १६९ |
| कार्य सपन्न सख्या मध्ये ४४५ वटा घर अ भले खकरण मात्र भएकोले अस्थाइ अनुमती  लने घरको सख्या थोरै र निर्माण सपन्न घरको सख्या बढी दे खएको | | | | | |

८. **कल्याण कोष** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ वमोजिम स्थानीय तहले स्थानीय सेवाका कर्मचारीले निजको सेवाशर्त तथा कानून वमोजिम अवकास हुँदा प्राप्त गर्ने योगदानमा आधारित उपादान, औषधिउपचार लगायतका सुविधा उपलव्ध गराउन अवकास कोषको स्थापना गर्ने व्यवस्था छ । उक्त कोषमा आफ्नो दरवन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाइपाई आएको मासिक तलवबाट १० प्रतिशत रकम कट्टा गरी सोको वरावरले हुने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ । नगरपालिकामा कार्यरत स्थानीय तहका कर्मचारीको तलवबाट रकम कट्टा गरी कल्याण कोषमा जम्मा गर्ने गरेको छैन । योगदानमा आधारित कल्याण कोषको व्यवस्था भएकोले नगरपालिकाले कर्मचारी कल्याण कोषको व्यवस्थामा आन्तरीक स्रोतबाट रु १८४६०००।- जम्मा गरेको छ । कल्याणकारी कोष सञ्चालन कार्यविधि तयार नगरि कोषमा रकम जम्मा गरेको नियमित नदेखिएको रु १८४६०००

९. **विद्युतिय लेखा :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ मा कारोवार को लेखा राख्नु पर्ने तथा महालेखा नियन्त्रकको कार्यलयले निःशुल्क रुपमा उपलव्ध गराई सवै स्थानीय तहले Sub National Tresury Regulatory application (SUTRA)प्रयोग गरी लेखा राख्नुपर्ने व्यवस्था छ । यस नगरपालिकाले आर्थिक वर्ष २०७५/७६ सम्म उक्त सफ्टवयेरको प्रयोग गरेको देखियता पनि शिर्षक अनुसार अलग अलग कारोबारको हिसाव राख्न सकेको देखिएन ।  स्थानीय तहको लेखाप्रणालीलाई बैज्ञानिक र व्यवस्थित गर्नका लागि लागू गरिएको उक्त सफ्टवयेर प्रभावकारी रुपमा शिर्षक अनुसारको लेखा राख्ने तथा वित्तिय विवरण तयार पार्ने तर्फ महालेखा नियन्त्रकको कार्यालयले ध्यान दिनुपर्ने देखिन्छ ।

१०. **कर्मचारी व्यवस्था :** नेपाल सरकारको मिति २०७४।१२।१४ स्थानीय तहको अन्तरिम संगठन संरचना तथा दरवन्दी सम्वन्धी निर्णयकमा यस नगरपालिकामा ६३ जना कर्मचारी दरवन्दी रहने उल्लेख छ ।स्वीकृत कर्मचारी दरवन्दी मध्ये प्रमुख प्रशासकीय अधिकृत सहित १६ जना संघ बाट सरुवा भई आएका, स्थानिय तहमा कार्यरत ७ जना, र स्विकृत दरबन्दिमा करारबाट नियुक्ति ११ छन् भने रिक्त पद २९  रहेको छ । आवश्यक कर्मचारी व्यवस्थापन नहुँदा सेवा प्रवाहमा असर पर्ने भएकोले कर्मचारी व्यवस्थापनमा ध्यान दिनुपर्ने देखिन्छ ।

११. **परामर्श सेवा : परामर्श सेवा :**सार्वजनिक खरिद ऐन २०६३ को दफा २९(१) मा सार्वजनिक निकायले सम्वन्धित सार्वजनिक निकायमा उपलव्ध जनशक्ति बाट कुनै काम हुन नसक्ने भएमा कुनै व्यक्ति, फर्म, संस्था वा कम्पनीबाट परामर्श सेवा खरिद गर्न सक्ने व्यवस्था छ । तर परापर्श सेवा खरिद

गरिएकोमा नगरपालिकामा कार्यरत जनशक्तिबाट काम हुन नसक्ने सम्वन्धमा कुनै कुरा स्पष्ट नगरी परामर्श सेवा खरिद गरेको पाइएकोले कानूनमा उल्लेखित व्यवस्था को पालना भएको पाइएन । देहायको पुलको डिपीआर तयार गरेको भनी रकम भुक्तानी दिएकोमा एउटै प्याकेज बनाई प्रतिस्पर्धा बाट कार्य गराउनु पर्नेमा सो नगरी पटक पटक रु. ५२५०००० मा खरिद गरको नियम सम्बत नदेखिएको रु. ५२५००००

| क्र. सं. | कार्यक्रमको नाम | लागत अनुमान | परामर्श खर्च | | |
|---|---|---|---|---|---|
| | | | गत वर्षसम्मको | चालु वर्षको | जम्मा |
| १ | देवचुली डाँडामा खानेपानी लिफटीङ | ३००००० | | २५०००० | २५०००० |
| २ | विभिन्न १० योजना डिपि आर निर्माण | ५०००००० | | ५०००००० | ५०००००० |
| | जम्मा | ५३००००० | | ५२५०००० | ५२५०००० |

१२. **आर्थिक सहायता :** सार्वजनिक खर्चमा मितव्यीता र प्रभावकारीता कायम गर्ने सम्वन्धी नीति मार्गदर्शन २०७५ को बुँदा ३१ मा तोकिएको मापदण्ड भित्र रहेरमात्र क्षतिपूर्ति, औषधोपचार र आर्थिक सहायता वापतको खर्च उपलब्ध गराउने उल्लेख छ । कार्यालयले आन्तरिक चालु खर्च शीर्षकबाट विपन्न नागरिक तथा प्रकोप पिडीतलाई घरवास तथा औषधी उपचार खर्च वडा कार्यालयको सिफारिस राखी नगरसभाले अध्यक्षलाई रु १० हजारसम्म आर्थिक सहायता स्वरुप भूक्तानी दिने व्यवस्था गरेको छ । यस्तो व्यवस्था अनुसार यो वर्ष रु. ८८८१८५।- आर्थिक सहायतामा खर्च लेखेको छ । नगरपालिकाले आवश्यक कार्यविधि तथा मापदण्ड तयार तयार गरेको छैन । मापदण्ड तयार गरी यस्तो सुविधा दिने कार्यलाई व्यवस्थित गर्नुपर्दछ ।

१३. **लक्ष्य प्रगति :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २६ मा बजेट तथा कार्यक्रम कार्यान्वयन र प्रगति समीक्षा गर्नुपर्ने र तोकिएको समयमा प्रगति हासिल नगर्ने र विवरण नपठाउनेलाई कारबाही गर्न सकिने व्यवस्था छ । कार्यालयले उपलब्ध गराएको विवरण अनुसार संचालित कार्यक्रमको प्रगति विवरण देहाय अनुसार रहेको छ ।

| क्र.सं. | कार्यक्रमको/योजना | यो वर्ष कुल कार्यक्रम | वार्षिक प्रगति स्थिति | | | |
|---|---|---|---|---|---|---|
| | | | शुन्य प्रगति कार्य क्रम | २५% प्र.सम्म प्रगति भएका कार्यक्रम | ५०%.सम्म प्रगति भएका कार्यक्रम | ७५%सम्म प्रगति कार्यक्रम |
| १ | मुल कार्यक्रम संख्या | ४३ | २ | ३ | ३ | १३ |
| २ | सहायक कार्यक्रम संख्या | २६१ | २ | १७ | १ | ३५ |
| | रकम | १८२३७६ | | | | |

नगरपालिकाले सञ्चालन गरेका आयोजनामध्ये सबै आयोजनाको उपर्युक्त नियम बमोजिम अनुसूची-२ बमोजिमको ढाँचामा प्रगति विवरण तयार गरेको देखिएन । योजना तथा कार्यक्रमको रकम खर्च गरेकोमा नियमावलीले तोके वमोजिम प्रगति प्रतिवेदन तयार गरेको पाइएन । प्रगति प्रतिवेदनको भौतिक प्रगति मापन हुन सक्ने देखिएन ।

१४. **आन्तरिक लेखापरीक्षण :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७७ र ७८ अनुसार कार्यालयले आन्तरिक लेखापरीक्षण गराउनु पर्ने र आन्तरिक लेखापरीक्षणबाट औंल्याइएका बेरुजु अन्तिम लेखापरीक्षण हुनु अगावै नियमित गराउनु पर्ने नियमित गराई वा प्रमाण पेश गर्नुपर्ने, प्रमाण पेश गरी वा असुल उपर गर्नु पर्ने असुल उपर गरी बेरुजु लगत कट्टा गराउनु पर्ने व्यवस्था छ । यस नगरपालिकाले नगरपालिकाको आन्तरिक लेखापरिक्षण शाखा बाट आन्तरिक लेखापरीक्षण गराएको छ । आन्तरिक लेखापरीक्षणबाट औंल्याइएका बेरुजु अन्तिम लेखापरीक्षण अवधिसम्म पनि कट्टा गरेको देखिएन । नियममा भएको व्यवस्था बमोजिम अन्तिम लेखापरीक्षण हुनु अगावै आन्तरिक लेखापरीक्षणबाट औंल्याइएका बेरुजु कट्टा गर्नु पर्ने कार्यालयको ध्यान जानु पर्दछ ।

१५. **चौमासिक खर्च :**आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ वमोजि स्विकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्यलक्ष्य तथा कार्यक्रम वमोजिम कार्यसम्पादन सम्पन्न गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले यस वर्ष गरेको कुल पँजीगत खर्च रु.१८२३७६ हजार मध्ये प्रथम चौमासिकमा ८.६६ प्रतिशत, दोश्रो चौमासिकमा १५.८४ प्रतिशत र तेश्रो चौमासिकमा ७५.४८ प्रतिशत खर्च गरेको देखिएको छ । तेस्रो चौमासिकमा भएको खर्च मध्ये आषाढ महिनामा मात्रै ४४.४३ प्रतिशत खर्च भएको छ । कार्यालयले आर्थिक बर्षको अन्त्यमा बढी भार पर्ने गरी खर्च गरेको पाइयो । स्वीकृत कार्यक्रम अनुसार चौमासिक रुपमा तोकिएको लक्षित कार्य सोही अनुरुप सम्पन्न गर्नेतर्फ नगरपालिकाको ध्यान जानु पर्दछ ।

**चौमासिक खर्च विवरण**

| क.सं. | बजेट उवपशिर्षक | कुल खर्च | चौमासिक खर्च | | | |
|---|---|---|---|---|---|---|
| | | | प्रथम चौमासिक | दोश्रो चौमासिक | तेश्रो चौमासिक | आषाढ महिना |
| | नगरपालिका, संघ, प्रदेश ( पूंजिगत) | १८२३७६ | १५८०० | २८९०३ | १३७६७३ | ८१०३२ |

यसरी तेस्रो चौमासिकमा ठूलो खर्च देखिनुले बर्षान्तमा आएर खर्चको चाप बढेको देखिएकोले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार चौमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनु पर्दछ ।

१६. **राजस्व परामर्श समितिः** स्थानीय सरकार सन्चालन ऐन २०७४ को दफा ६५ मा राजस्व सम्वन्धी परामर्शको लागि एक स्थानीय राजस्व परामर्श समिति रहने व्यवस्था छ । उक्त समितिको काम, कर्तव्य र अधिकार अन्तर्गत राजस्व सम्वन्धी कानूनको तर्जुमा, संशोधन, परिमार्जन र सोको परिपालनाका सम्वन्धमा आवश्यक परामर्श दिने, राजस्वको स्रोत, दायरा र दर समेतको विश्लेषण गरी आगामी आर्थिक वर्षमा प्राप्त हुन सक्ने राजस्वको अनुमान गर्ने, राजस्वका दर र क्षेत्र लगायतका आधारमा आन्तरिक आयको विश्लेषण गर्ने र अनुमान गर्ने लगायतका कार्यहरु तोकिएको छ । राजस्व परामर्श समितिको बैठक मिति ०७६।०३।१५ मा बसेता पनि ऐनमा उल्लेख भए अनुसारका कार्यहरु गरेको देखिएन ।

१७. **ठेक्का व्यवस्थापन :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २०(३) अनुसार लागत अनुमान तयार गर्ने, ठेक्का सम्झौता गर्ने कार्य प्रथम चौमासिक भित्र गर्नुपर्ने व्यवस्था छ । कार्यालयको यो वर्ष वोलपत्र तथा सिलवन्दी दरभाउ पत्रको माध्यमबाट ४ वटा ठेक्का सम्झौता गरेकोमा दोश्रो चौमासिकमा सतप्रतिशत ठेक्का सम्झौता गरेको छ । नियमावलीले गरेको व्यवस्था वमोजिम तोकिएको समयावधी भित्र ठेक्का वन्दोवस्त नगरी अन्तिम चौमासिकमा मात्र ठेक्का सम्झौता गरी प्रगति शत प्रतिशत देखाउने गरेको छ । स्वीकृत कार्यक्रम अनुसार सम्पूर्ण कार्य गर्नु पर्नेमा सो वमोजिम गरेको पाइएन । नियमको पालना हुनु पर्दछ ।

१८. **मुल्य अभिवृद्धि कर कट्टी नगरेको :** आर्थिक ऐन, २०७६ ले गरेको व्यवस्था अनुसार सरकारी कार्यालयले मिति २०७६।२।१६ देखिको ठेक्का वा करार अन्तर्गतको भुक्तानीमा मु.अ.कर रकमको ५० प्रतिशत संवन्धित राजस्व शिर्षकमा र वाँकी ५० प्रतिशत संवन्धित फर्मलाई भुक्तानी दिनुपर्ने उल्लेख छ । कार्यालयले देहायअनुसार मिति २०७६।२।१६ पछिको ठेक्का बन्दोबस्त तथा परामर्शको भुक्तानीमा ५० प्रतिशत मुल्य अभिबृद्धिकर भुक्तानी दिने कार्यलयले सम्बन्धीत राजस्व शिर्षकमा दाखिला नगरी फर्मलाई नै भुक्तानी दिएको देखिएकोले मु.अ.कर समायोजन प्रमाण पेश गर्ने रु. ३३९७४७

| **भौ नं. र मिति** | **फर्मको नाम** | **कुल भुक्तानी रकम** | **मु.अ.कर रकम** | **५० प्रतिशतले हुने मु.अ.कर रकम** |
|---|---|---|---|---|
| ४१९, २०७६/०३/३१ | डि.एण्ड.जी कन्ट्रक्सन चितवन | ८७४०२१ | ११३६२३ | ५६८११ |
| ३२८, २०७६/०३/२६ | अर्भान कन्ट्रक्सन प्रा.ली. चितवन | २८८९४५५ | ३७५६२९.१७ | १८७८१४ |
| ३४५, २०७६/०३/२८ | एस.के. इन्जिनियरीङ्ग इन्डस्ट्रिज बुटवल | १४७११०८ | १९१२४४ | **९५१२२** |
| | | | ६८०४९६.१७ | ३३९७४७.०० |

| | | |
|---|---|---|
| १९. | ३९१, ०७६।०३।०३ चालिसे निर्माण सेवाले कार्यालय भवनमा आल्मुनियम पार्टेशन गरेको प्राविधिक मुल्यांकन अनुसार रु. ५२३३८।८० को मात्र भएकोमा निजले रु. ६२६२१।७८ विल पेश गरी रु. १०२८३।- बढी भुक्तानी भएको असुल गर्नु पर्ने रु. | १०२८३ |
| २०. | **३२८, ०७६।०३ ।२६ कार्यसम्पन्न प्रतिवेदन:**सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२५ अनुसार खरिद सम्झौतामा उल्लेखित अवधिभित्र कार्यसम्पन्न गरी प्रतिवेदन तयार गर्नुपर्ने व्यबस्था छ। दिव्यनगर मुक्तीक्षेत्र जनवस्ती मृतुङ्ग सडक कालोपत्र गर्ने कार्यको लागि मु.अ.कर. वाहेक रु. ११०७६२२७।२९ को लागत अनुमान तयार गरी विद्युतिय वोलपत्र गर्दा सवभन्दा घटी कवोल गर्ने आर्मन कन्ट्रक्सन प्रा.लि. चितवनको कवोल अंक मु.अ.कर वाहेक रु. ६११६६०८।- स्वीकार गरी २०७५।०३।२५ मा काम सम्पन्न गर्ने गरी २०७५।१२।२७ मा सम्झौता भएकोमा प्रथम रनिङ्ग विलवाट रु. ३२६५०८४।- भुक्तानी भएको छ । सम्झौता अनुसारको कार्यसम्पन्न नभएको म्याद समाप्त भएकोले कार्यसम्पन्न प्रतिवेदन पेश गर्नु पर्ने रु... | ३२६५०८४ |
| २१. | सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२५ मा कार्य सम्पन्न प्रतिवेदन तयार गर्नु पर्ने व्यवस्था रहेको छ। केउरेनी चोक देखि नारायणी तिर जाने कृषि पर्यटन मार्गको रु. ४३,०३,५०८।- को मूल्य अभिवृद्धि कर वाहेकको लागत अनुमान तयार गरी विद्युतिय वोलपत्र गर्दा सबभन्दा घटी कवोल गर्ने डि.एण्ड जी. कन्ट्रक्सन चितवनको कवोल अंक रु. २३२५१८०।- स्वीकार गरी २०७६।०३।२५ मा काम सम्पन्न गर्ने गरी मिति २०७५।०१।०६ मा सम्झौता भएकोमा प्रथम रनिङ्ग विलवाट मु.अ.कर समेत रु. ९८७६४३।- भुक्तानी भएको छ। म्याद समाप्त भएकोले कार्य सम्पन्न पेश गर्नु पर्ने रु. | ९८७६४३ |
| २२. | देवचुली न.पा.ले. आ.व.२०७५।०७६ को वजेट २०७५।०३।१३ मा नगरसभाबाट पारित गरेको छ । नगरसभावाट पारित वेजटमा थप घट गर्नु परेमा पुन नगरसभावाट वजेट पारित गराउनु पर्ने कानूनी व्यवस्था भएकोमा कानून विपरित नगर कार्यपालिकाले पटक पटक नयाँ कार्यक्रम तथा योजना छनोट पारी वजेट विनियोजन गरेको कार्यक्रम सञ्चालन गरेको देखिएकोले यस्तो कार्यक्रम तथा योजना थप गरी कार्यक्रम सञ्चालन गर्ने कार्य नियन्त्रण गर्नु पर्दछ। | |
| २३. | **फीज/निकासा फिर्ता :** आर्थिक कार्याविधि नियमावली, २०६४ को नियम ३३(क) मा महालेखा नियन्त्रक कार्यालयले फ्रिज नहुने भनी तोकेको उपशिर्षहरुको हकमा वाहेक अन्य उपशीर्षकको सालतमाम हुनभन्दा कम्तिमा सात दिन अगाडी नै सबन्धित कार्यालयले भुक्तानी दिनुपर्ने रकमहरु भुक्तानी दिई आर्थिक कारोवार बन्द गर्नुपर्ने र यसरी आर्थिक कारोवार वन्द गरेपछि निकासा तथा खर्चको लेखा अद्यावधिक गरी बांकी रहेको रकम सम्बन्धित कार्यालयले कोष तथा लेखा नियन्त्रक कार्यालयमा फिर्ता गर्नुपर्ने व्यवस्था छ । त्यस्तै स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ४३(५) मा नेपाल सरकारको केन्द्रीय बजेट मार्फत कार्यालयलाई प्राप्त भएको रकम खर्च नभई वर्षान्तमा बांकी हुन आएमा त्यस्तो बांकी रकम कोष तथा लेखा नियन्त्रक कार्यालयमा फिर्ता पठाई फ्रिज गर्नु पर्ने व्यवस्था छ । कार्यालयले आर्थिक बर्षको अन्तमा विभिन्न शिर्षकमा बांकी रहेको रु.२५०८६०५०।६० निकासा फिर्ता गर्नुपर्ने मिति २०७६/४/१३ मा राष्ट्रिय वाणिज्य बैंक बाट राजस्व शिर्षक निकासा फिर्तामा जम्मा गरेको छ। | |
| २४. | **सिफारिस तथा घटना दर्ता :** नगरपालिकाले आफ्नो कार्यक्षेत्रभित्र भएका सिफारिस तथा घटना दर्ताको अभिलेख अद्यावधिक गरी राख्नुपर्दछ। यस नगरपालिका अन्तर्गत वडाहरुमा भएका सिफारिस र घटना दर्ताको एकीकृत अभिलेख विवरण निम्नानुसार प्राप्त हुन आएको छ। | |

| विवरण | सेवा प्राप्तिका लागि निवेदन संख्या | सिफारिस संख्या |
|---|---|---|
| नागरिकता सिफारिस | १७९६ | १७७८ |
| घरबाटो सिफारिस | २४२३ | २४१० |
| नाता प्रमाणित | १३७३ | १३६२ |
| जन्म, मृत्यु दर्ता | २४०४ | २४०४ |
| अन्य | १४९३४ | १४९०० |

| | | |
|---|---|---|
| २५. | **राजश्व अभिलेख :** आर्थिक कार्यबिधि ऐन, २०५५ को परिच्छेद ४ दफा १२ र १३ ले राजस्वको अभिलेख अध्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था रहेको छ । देवचुली नगरपालिकाले आर्थिक वर्ष ०७५।७६ मा रु. २९४३४२३०।६१ आम्दानी गरेकोमा वडा कार्यालयले सफ्टवेयर मार्फत राजस्व असुल गरेको भएतापनि असुल भएको रकम ढिला गरि बैंक दाखिला गर्ने गरेको पाईयो । वडाहरुले आफ्नो अनुकुलतामा राजस्व दाखिला गर्ने गरेको तथा नगरपालिकाले राजस्व लक्ष्य निर्धारण एवं नियन्त्रण नगरेका कारण राजस्व आम्दानीको निर्णय देखि | |

| | | |
|---|---|---|
| | असुली तथा दाखिला सम्मका अभिलेख व्यवस्थित गरी राख्नु पर्दछ । बर्तमान स्थानीय तहवाट समेत यसमा बिशेष ध्यान दिई आन्तरिक आयको उचित अभिलेखाङ्कन तथा परिचालन गर्नुपर्दछ । | |
| २६. | **आन्तरिक आय :** नगरपालिकाले पालिकाको आन्तरिक आय बढाउनका लागि स्थानीय नियकायमा रहेको प्राकृतिक स्रोत साधन खोलामा रहेका ढुंगा, गिटी र बालुवाको निकासी सरकारी ऐन नियममा व्यवस्था भए बमोजिम गर्नु पर्दछ । पालिकाले स्थानिय निकाय भित्र रहेको स्रोत साधनको उपयोगमा ध्यान दिएको नदेखिएबाट यस स्थानीय निकायलाई आवश्यक पर्ने स्रोत साधन बाहिर बाट ल्याउनु पर्ने साथै आफ्नो स्रोत साधनको अरुले दुरुपयोग गर्ने देखिदा यस तर्फ पालिकाको ध्यान जानु पर्ने देखिन्छ । | |
| २७. | **वितरणमुखी कार्यमा खर्च :-** स्थानीय सरकार संचालन ऐन २०७४ को परिच्छेद ३ मा नगरपालिकाको काम, कर्तव्य र अधिकारको व्यस्था रहेका छ । नगरपालिकाले उक्त सुची तथा ऐन बमोजिम क्रियाकलाप तथा कार्यक्रमहरु संचालन गर्नुपर्दछ । स्थानीय सरकार संचालन ऐनको मर्म अनुरुप गरिबी, पछौटेपन, बेरोजगारी, गरिबी लगायतका सामाजिक पछौटेपनहरुको निरुपणको लागी विभिन्न अभिमुखिकरण तालिम, सिप विकास लगायतका कार्यक्रमहरु संचालन गर्नुपर्ने हुन्छ । नगरपालिकाले विभिन्न सिप विकास तथा अभिमुखीकरण तथा वृत्ति विकासमा खर्च गर्नुपर्ने रकमहरु सो कार्यमा खर्च नगरी वितरणमुखी क्रियाकलापमा खर्च गरेको छ । आन्तरिक आय कमजोर रहेको अवस्थामा आर्थिक असमानता हटाई वित्तीय समानिकरण ल्याउनको लागी उपलब्ध रकम नगरपालिकाले नगरसभा तथा कार्यपालिकाको निर्णयअनुसार विभिन्न प्रयोजनको लागी वितरण गरेको छ । त्यसैले यस प्रकारका खर्चको आवश्यकता र औचित्यबारे पुनःमूल्याकन गरी खर्च नियन्त्रणमा ध्यान दिनुपर्दछ । | |
| २८. | **पारिश्रमिक कर :** नगरपालिकाबाट विभिन्न मितीमा वडाका विभिन्न कार्यक्रमहरुको अनुगमन गर्न गएको भनि रु.। खर्च लेखेकोमा दैनिक भ्रमण भत्ता नभरेको साथै नगरपालिकाको निणर्य बमोजिम कर काट्नु पर्ने व्यववस्था भएकोमा कर समेत काटेको नपाइएकोले पारिश्रमिक कर रु. ३८०४। संबन्धीत संग असुल गरि राजश्व दाखिला गर्नु पर्ने रु. | ३८०४ |

| क.सं. | भौ.मिति | कर्मचारीको नाम | भुक्तानी रकम | कर रकम |
|---|---|---|---|---|
| १. | ३९५-०७५/१०/२ | टीकारम वस्याल | ३००० | ४५० |
| २. | | श्रीभद्र पौडेल | ३००० | ४५० |
| ३. | | आकाश श्रेष्ठ | ३००० | ४५० |
| ४. | | रामबहादुर शारु (प्रचार प्रसार खर्च) | ३००० | ४५० |
| | ३४८-०७५/९/१ | सार्वजनिक सम्पतीको मर्मत संभार कार्यक्रममा डोर हाजिरी भुक्तानीमा १% कर काटेका मा कम दाखिला गरेको | २३२८७५.० | २००४.० |
| | | जम्मा | २४४८७५ | ३८०४.० |

| | | |
|---|---|---|
| २९. | **तलवी प्रतिवेदन :** निजामती सेवा ऐन,२०४९ को दफा ७ ख(२) सम्वन्धित कार्यालयले सम्वन्धित कार्यालयले को.ले.नि.का.बाट तलबी प्रतिवेदनपास नगराई तलब खर्च लेख्न नहुने व्यवस्था छ। नगरपालिकाले आ.व. २०७५/०७६ को तलवी प्रतिवेदन पास नगरी स्वास्थ्य, कृषि र भेटेनरीको रु.१५०५१६५२.७६ बराबरको तलब भत्तामा खर्च लेखेको छ । अतः नियममा भएको व्यवस्था अनुसार तलबी प्रतिवेदन पास गरेर मात्र खर्च लेख्ने तर्फ कार्यालयको ध्यान जानुपर्ने देखिन्छ । | |
| ३०. | **कर दाखिला गर्न बाँकी :** दुम्कौली प्राथमिक स्वास्थ्य केन्द्र, नवलपरासी बाट यस वर्ष ५०६ वटा नवजात शिशु जन्मीएकोमा ४८० वटा साधारण केश र २६ वटा जटिल केशबाट बच्चा सुरक्षीत मातृत्व सेवा प्रदान गरेकोमा साधारण केशको रु.१०००। र जटिल केशको रु.३०००। का दरले पाप्त गर्ने व्यवस्था बमोजिम रु.५५८०००। संस्थाले प्राप्त गरेको छ ।<br>स्वास्थ्य संस्थाले प्राप्त गरेको सो रकम मध्ये सो काममा संलग्न स्वास्थ्य कर्मीले साधारण केशको रु.३०० र जटिल केशको रु.१००० का दरले प्राप्त गर्ने व्यवस्था छ, जसमा १५% कर कट्टा गरी दिनु पर्नेमा स्वास्थ कर्मीले जम्मा रु.१७००००। प्राप्त गरेकोमा कर रकम रु.२५५००। दाखिलाको प्रमाण पेश गर्नु पनेमा रु.१५३०५। को मात्र दाखिला प्रमाण पेश भएकाले राजश्व दाखिला गर्नु पर्ने रु.१०१९। दाखिला गरी प्रमाण पेश गर्ने रु. | १०१९५ |
| ३१. | **न्यानो झोला वितरण :** नगरपालिकाभित्र अस्पताल तथा स्वास्थ्य चौकीमा सुत्केरी भएका आमा तथा नवजात शिशुलाई न्यानो झोला वितरण गर्ने कार्यक्रम रहेकोमा योवर्ष भरी ५०६ जना सुत्केरी भै | |

नवजात वच्चा जन्मेको कार्यालयलको अभिलेखबाट देखिन्छ । नगरपालिका अन्तर्गतका स्वास्थ्य चौकिहरुमा २६६ वटा न्यानोझोलाको मौज्दात देखिन्छ ॥

यो वर्ष नगरपालिकाले ४३-०७५।९।१४ मा न्यू लता रेडिमेट व्याग उद्योगबाट २२२ वटा न्यानो झोला रु.१९९८००। मा र भौ. २३५-०७६।३।२९ मेरी गोल्ड रेडिमेट कलेक्सन उन्द्योगबाट ५५० थान रु.४९२८४। मा गरि जम्मा ७७२ थान रु.६९२६४९।को खरिद गरेकोमा स्वास्थ्य सेवा विभाग परिवार महाशाखाबाट निर्देश गरे बमोजिमको स्पेशिफिकेशन अुनसार झोला भए नभएको प्रमाणित गरेको नदेखिदा झोला गुणस्तरीय छ भन्न सक्ने अवस्था देखिएन । तसर्थ निर्देशिकाले तोके अनुसारको झोला भए नभएको यकिन गरी खरिद गर्नुपर्ने देखिन्छ ।

३२. **नम्स भन्दा बढि भुक्तानी :** प्रदेश सरकार, गण्डकी प्रदेशको खर्चको मापदण्ड, २०७५ को ६ (४) मा तालिम केन्द्र बहेकका अन्य निकायबाट संचालित तालिम अधिकृत स्तरकोमा कक्षा संचालनको रु.८००। को व्यवस्था गरेकोमा नगरपालिका बाट संचालिन निम्न तालिम कार्यक्रममा प्रशिक्षकहरुलाई बढि भुक्तानी दिएको पाइएको रु. २३६३०

| क्र. सं. | प्रशिक्षकको नाम | तालिम कार्यक्रमको नाम | सेशन संख्या | भएको भुक्तानी कर पछि | हुनु पर्ने भुक्तानी कर पछि | बढि भुक्तानी कर पछि |
|---|---|---|---|---|---|---|
| १ | शिव प्रसाद पराजुली | औलो रोग नियन्त्रण समबन्धी बहु निकाय अन्तर कृया | १ | ११९० | ६८० | ५१० |
| २ | कृष्ण कुमारी आचार्य | | १ | ११९० | ६८० | ५१० |
| ३ | विष्णु प्र भुषाल | | १ | ११९० | ६८० | ५१० |
| ४ | छवि लाल सुवेदी | | १ | ११९० | ६८० | ५१० |
| ५ | शिव प्रसाद पराजुली | सुनौला हजार दिन संचार सचेतना कार्यक्रम | ४ | ४७६० | २७२० | २०४० |
| ६ | छविलाल सुवेदी | | १ | ११९० | ६८० | ५१० |
| ७ | टेक नाथ न्यौपाने | | १ | ११९० | ६८० | ५१० |
| ८ | कृष्ण कुमारी आचार्य | | १ | ११९० | ६८० | ५१० |
| ९ | जागेश्वर भुषाल | | १ | ११९० | ६८० | ५१० |
| १० | वेद बहादुर दाहाल | | १ | ११९० | ६८० | ५१० |
| ११ | सिता देवी पौडेल | | १ | ११९० | ६८० | ५१० |
| १२ | टेकनाथ न्यौपाने | सुनौलोहजार दिनका आमाहरुलाई पोषण तथा सुरक्षित मातृत्व | १ | १७०० | ६८० | १०२० |
| १३ | सिता पौडेल | | १ | १७०० | ६८० | १०२० |
| १४ | यमकला भुसाल | | ३ | ५१०० | २०४० | ३०६० |
| १५ | नारायण प्रसाद सापकोटा | | १ | १७०० | ६८० | १०२० |
| १६ | श्री भद्र पौडेल | | २ | ३४०० | १३६० | २०४० |
| १७ | शिव प्रसाद पराजुली | | २ | ३४०० | १३६० | २०४० |
| १८ | टेकनाथ न्यौपाने | | २ | ३४०० | १३६० | २०४० |
| १९ | सिता पौडल | | २ | ३४०० | १३६० | २०४० |
| २० | नारायण प्रसाद सापकोटा | | १ | १७०० | ६८० | १०२० |
| २१ | डल्ली माया थापा | | १ | १२७५ | ६८० | ५९५ |
| २२ | कृष्टि पाण्डे | | १ | १२७५ | ६८० | ५९५ |
| | जम्मा | | | ४४७१० | २१०८० | २३६३०.० |

३३. **नमुना विद्यालयः** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ मा खर्च गर्दा विल भर्पाई सहित लेखा राख्नुपर्ने व्यवस्था छ । नमुना विद्यालय सुधार गुरुयोजना अनुरुप भौतिक निर्माणको लागि नेपाल माध्यमिक विद्यालय लाईरु १५०,००,०००।०० निकासा भएकोमा सो को विल भर्पाइ र सो खर्चबाट सम्पन्न कार्यका मूल्याङ्कन, प्रगति तथा अनुगमन प्रतिवेदन पेश नभएकोले तोकिए बमोजिम कार्य भए नभएको परीक्षण गर्न नसकिएको रु.. १५०००००

| | | ० |
|---|---|---|
| ३४. | **अनुगमन :** कार्यक्रम कार्यान्वयन पुस्तिका, २०७३ अनुसार विद्यालयहरुलाई भुक्तानी हुने सशर्त पुँजिगत अनुदान रकम तोकिए बमोजिम उपसयोग भए नभएको सुनिश्चित हुन त्यस्तो अनुदान प्राप्त गर्ने विद्यालयहरुको अनुगमन गर्नुपर्ने व्यवस्था रहेको छ । कार्यालयबाट सशर्त पुँजिगत अनुदानबाट निम्न विद्यालयहरुलाई अनुदान दिएकोमा सो अनुदान रकम रु.५२०००००।- उपयोगका सम्बन्धमा अनुगमन गरी प्रतिवेदन दिएको देखिएन । | |

| क्र.स. | विद्यालय | कार्यक्रमको नाम | रकम |
|---|---|---|---|
| १ | पशुपती सागवेद आवासीय संस्कृत मा.वि | परम्परागत बैकल्पिक विद्यालय संचालन अनुदान | ५०००००.० |
| २ | नेपाल मावि | पुस्तकालय व्यवस्थापन | ६५००००.० |
| ३ | सकलादेवि मावि | पुस्तकालय व्यवस्थापन | १३०००००.० |
| ४ | वरचुली मावि | पुस्तकालय व्यवस्थापन | ६५००००.० |
| ५ | कालीका मा.वि | पुस्तकालय व्यवस्थापन | ६५००००.० |
| ६ | देवचुली मा.वि | पुस्तकालय व्यवस्थापन | ६५००००.० |
| ७ | भिमसेन मा.वि | पुस्तकालय व्यवस्थापन | ६५००००.० |
| ८ | नेपाल राष्ट्रिय शारदा प्रा.वि | क्रियाकलापमा आधारित KIT अनुदान | ५००००.० |
| ९ | शान्ती सृजना आ.वि | क्रियाकलापमा आधारित KIT अनुदान | ५००००.० |
| १० | प्रभातजनता आ.वि | क्रियाकलापमा आधारित KIT अनुदान | ५००००.० |
| | जम्मा | | ५२०००००.० |

| | | |
|---|---|---|
| ३५. | **अग्रीम कर :** आयकर ऐन, २०५८ अनुसार कुनै पनि भुक्तानीमा १.५% अग्रिमकर कट्टा गरि भुक्तानी दिनु पर्ने व्यवस्था भएपनि निम्न भौचर निम्नानुसारको काम मा भुक्तानी दिदा अग्रिम कर नकाटेकाले सम्बन्धित बाट असुल गरि दाखिला गर्नु पर्ने रु. | ११२९६७ |

| क्र.सं. | भौ.मिति | विवरण | भुक्तानी रकम | कर रकम | दाखिला | दाखिला गर्न बाँकी |
|---|---|---|---|---|---|---|
| १ | २४३-०७६/३/३१ | पृथ्वी मा.वि विद्यालय भवन निर्माण | ६००००० | ५०५२ | ० | ५०५२ |
| २ | २३४-०७६/३/२९ | वालकिरण आ.वि | ६८८३२२ | ८६६५ | ० | ८६६५ |
| ३ | २२४-०७६/३/३१ | जनज्योती मा.वि चारकोठे भवन | १७८५४७९ | २२०८२ | ० | २२०८२ |
| ४ | २४५-०७६/३/३१ | जनज्योति मा.वि | १६००००० | २१९०० | ० | २१९०० |
| ५ | २४६-०७६/३/३१ | देवचुली मा.वि | ८३९६७९ | ११९४६ | ० | ११९४६ |
| ६ | २४७-०७६/३/२१ | भिमसेन आदर्श मा.वि | १६००००० | २०२२९ | ० | २०२२९ |
| ७ | ५१-०७५/१०/२ | बरचुली मा.वि | २५०००० | २३८९३.० | ० | २३८९३ |
| | २४९-०७६/३/३१ | | १५५०००० | | | |
| | जम्मा | | | | | ११२९६७.० |

| | | |
|---|---|---|
| ३६. | **स्थलगत निरिक्षण प्रतिवेदन :** शिक्षा निर्देशिकाको क्रियाकलाप नं. २.१५-११.७७९ मा सामुदायीक सिकाइ केन्द्र अनुदानको व्यवस्था गरको छ साथै (क) मा नियमित रुपमा चलेका सामुदायिक सिकाई केन्द्रको व्यस्थापन समितिको निर्णय र स्थलगत निरिक्षण प्रतिवेदन पेश गर्नु पर्ने व्यवस्था भएकोमा निम्नानुसारको सिकाई केन्द्रको सो व्यवस्थाको पालना गरेको पाइएन ।. | |

| **शिक्षण सकिाई अनुदान** | |
|---|---|
| वद्यालयकोनाम | निकासारकम |
| नेपाल राष्ट्रिय शारदा प्रा.वि | ३६६००० |
| मिलिजुली प्रा.वि | ३६६००० |
| शान्ती सृजना आ.वि | ३६६००० |
| सकला देवि मा.वि | ३६६००० |
| **जम्मा** | **१४६४०००.०** |

| | | |
|---|---|---|
| ३७. | **पेश्की** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ७४(३) मा पेश्की गएको रकम नियमावलीमा तोकिएको म्याद भित्र नियमावलीको कार्यविधि अपनाई फछ्र्यौट गर्नु गराउनु पेश्की लिने दिने दुबैको | ७५०००० |

<table>
<tr><td></td><td>कर्तव्य हुने व्यवस्था छ । आर्थिक वर्षको अन्तसम्म पनि फर्छयौट भएको नदेखिएकोले नियमानुसार फछ्र्यौट हुनु पर्ने रु.</td><td></td></tr>
<tr><td></td><td>पेश्की सम्बन्धी अन्य विवरण निम्नानुसार रहेको छ :
<table>
<tr><th>सि.नं.</th><th>विविरण</th><th>वापत</th><th>रकम</th></tr>
<tr><td>१.</td><td>पि.एस.निर्माण सेवा</td><td>मोबिलाईजेशन पेश्की</td><td>७५००००.०</td></tr>
<tr><td colspan="3">जम्मा</td><td>७५००००.०</td></tr>
</table></td><td></td></tr>
<tr><td></td><td>कार्यालयले विभिन्न उपभोक्ता समितिसंग विभिन्न निर्माण कार्यको लागि सम्झौता गरी कार्यादेश दिएकोमा सो कार्यको लागि पेश भएका बिल भरपाईहरुको रकमको भुक्तानी गर्दा सम्झौता मिति पहिलेको र सार्वजनिक लेखा परिक्षण, अनुगमन समितिले भुक्तानीको लागि गरेको सिफारिस भन्दा पछिको र सार्वजनिक लेखापरीक्षण, अनुगमन समितिले भुक्तानीको लागि गरेको सिफारिस भन्दा पछिको मितिको बिल भरपाईहरु संलग्न गरी भुक्तानी दिएको पाईएकोले त्यस्ता प्रकारका कार्यहरुमा कार्यालयको ध्यान जानुपर्ने देखिन्छ ।</td><td></td></tr>
<tr><td>३८.</td><td>विभिन्न अग्रिम कर मेसिन बहालकर कट्टी गर्दा अन्य बहाल करमा कट्टी भई नगरपालिकाको खातामा दाखिला भएकोले संघिय राजश्वमा दाखिला गर्नु पर्ने रु.</td><td>३८०२५</td></tr>
<tr><td>३९.</td><td>आयकर ऐन २०५८ दफा ८९ अनुसार भत्ता भूक्तानी गर्दा १५ प्रतिशतले पारिश्रमिक कर कट्टा गरी भुक्तानी दिनुपर्नेमा ईन्जिनियर सन्तोष काफ्लेलाई प्रतिवेदन लेखन भत्ता ५०००।- भुक्तानी गर्दा १५ प्रतिशत कर कट्टी नगरी भुक्तानी गरेको र बर्थिङ्ग सेन्टर निर्माणमा प्रयोग भएको ढुवानीको कर छुट भएको भुक्तानी डिल ब काफ्लेलाई भएकाविभिन्न अग्रीमकर मेशिन बहालकर कट्टी गर्दा अन्य बहाल करमा कट्टी भइ नगरपालिकाको खातामा दाखिला भएकाले संघीइ राजश्वमा दाखिला गर्नुपर्ने रु ४९५० समेत रकम रु..</td><td>५७००</td></tr>
</table>

अनुसूची- १

## देवचुली नगरपालिकाको सञ्चित कोष विवरण
## २०७५।७६

**प्रदेश : गण्डकी** (रु.हजारमा)

| क्र. सं. | स्थानीय तह | जिल्ला | आय | | | | जम्मा आय | व्यय | | | | मौज्दात |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | गत वर्षको जिम्मेवारी | समानीकरण अनुदान | सशर्त तथा अन्य बजेट अनुदान | अन्य आय | | चालु खर्च | पूँजीगत खर्च | अन्य खर्च | जम्मा खर्च | |
| | | | १ | २ | ३ | ४ | ५ (२+३+४) | ६ | ७ | ८ | ९ (६+७+८) | १० (१+५-९) |
| १. | देवचुली नगरपालिका | नवलपरासी (ब.सु.पू.) | ६३५०१ | १२५१०० | ३४५७८३ | १००६७३ | ५७१५५६ | ३६८०२४ | १८२३७६ | २८९२ | ५५३२९२ | ८१७६५ |

अनुसूची– २

## बेरुजू बर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)
## २०७५।७६

(रु.हजारमा)

| सि.नं. | जिल्ला | स्थानीय तहको नाम | प्रारम्भिक बेरुजू | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | बाँकी बेरुजू | | | वाँकी बेरुजू | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | अशुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | पेश्की | | |
| | | | सैदान्तिक | लगती | | सैदान्तिक | लगती | | सैदान्तिक | लगती | | | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजश्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | कर्मचारी | अन्य | जम्मा |
| १. | नवलपरासी (ब.सु.पू.) | देवचुली नगरपालिका | २४ | १४ | २७६४३ | ० | ० | ० | २४ | १४ | २७६४३ | २०५ | ७०९६ | १९५९२ | ० | ० | २६६८८ | ० | ७५० | ७५० |

अनुसूचि ३

## अद्यावधिक वेरुजू स्थिति

(रु. हजारमा)

| क्र. सं. | स्थानीय तह | जिल्ला | गत बर्ष सम्मको बाकी | यो वर्षको फछ्र्यौट | बाँकी | यो वर्ष सं.प.वाट कायम भएको वेरुजू | यो वर्षको वेरुजू | कुल बाँकी वेरुजू |
|---|---|---|---|---|---|---|---|---|
| १ | देवचुली नगरपालिका | नवलपरासी (ब.सु.पू.) | १३७३१ | ९३८८ | ४३४३ | | २७६४३ | ३१९८६ |